नेपाल पत्रकार महासंघ, पाल्पाको प्रकाशन **प्रवाह** २०६७ विशेषअंकमा प्रकाशित

# पाल्पाको सन्दर्भमा पत्रकारिताका अवसर र चुनौती

– विनयकुमार कसजू

**फर्केर हेर्दा** : पाल्पामा पत्रकारिता सुरु भएको आधा शताब्दी भइसकेछ । त्यस बेला सदरमुकाम तानसेनमा मोटरबाटो थिएन । बिजुली थिएन । टेलिफोन थिएन । हुलाकले चिठी ओसार्थ्यो । केही व्यापारीहरुले मिलेर बुटवल र तानसेनबीच आफ्नै चिठीपत्र र सीमित मात्रामा सामान ओसार पसार गर्ने हल्कारा (पत्रकाहक) को व्यवस्था गरेका थिए । राणाकालीन आकाशवाणी भनिने टेलिफोन थियो जसले काठमाडौं सम्पर्क गराउँथ्यो तर सरकारी कामका लागि मात्रै । पछि तार रहित आकाशबाणी आयो जसबाट अक्षर गनेर पैसा तिरेर सन्देश पठाउन सकिन्थ्यो । नेपाली अखबार गोरखापत्र मात्रै आउँथ्यो, त्यो पनि सरकारी कार्यालयमा मात्रै । काठमाडौंबाट तानसेन आइपुग्न झण्डै दश दिन लाग्यो । भारतबाट केही दैनिक पत्रिका एक सातापछि आइपुग्थे । पत्रिका पसल थिएन हुलाकमा आएका अखबार जिल्लाका हाकिमले पढेपछि मात्रै जनताले पढ्न पाउँथे ।

तानसेनमा दुइटा छापाखाना थिए । छाप्ने मेसिन (प्रेस), सिसाका अक्षर, सामान, कागत, मसी र प्रेस चलाउने मानिस सबै बाहिरबाट आउँथे । चित्र वा फोटोको छाप्ने ब्लक पनि भारतको बनारस वा इलाहबादमा बन्थ्यो । यसैले पहिले भएका ब्लक बाहेक ताजा फोटो छाप्ने संभावना थिएन । ढिकी कुटेझैं खुट्टा चलाएर प्रेस चलाउनु पर्थ्यो । कुनै पनि कुरा छाप्नुभन्दा पहिले जिल्लाका हाकिमलाई देखाउनु पर्थ्यो । पहिलो प्रति छापेर प्रेस रोकेर जिल्लाका हाकिमलाई देखाउन लैजानु पर्थ्यो । मानवअधिकार, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, प्रेस स्वतन्त्रता जस्ता शब्दहरु प्रचलनमा आइसकेका थिएनन् । चिन्तन र व्यवहारको त कुरै छाडौं । शासक, प्रशासकको कृपा नभई बतास पनि चल्दैन कि जस्तो सोच्थे मानिसहरु ।

अखबारमा समाचार आउने माध्यम हुलाक वा हाते चिठी मात्रै थियो । अखबार छापिएपछि बाँड्ने र बाहिर पठाउने माध्यम पनि हुलाक नै थियो । टोलमा एक दुई वटा रेडियो सेट थिए । रेडियो नेपाल, अलइन्डिया रेडियो र रेडियो सिलोन बाहेक अरु रेडियो स्टेसन सुनिन्नथ्यो ।

पढ्ने पढाउने परम्परा सबै परिवारमा थिएन । गाउँमा हाई स्कुल थिएन । हुने खानेहरुले आफ्ना छोरालाई भारतको दार्जीलिङ, नैनिताल र अन्य सहरमा पढ्न पठाउँथे । पण्डित, पुरोहित परिवारले बनारसमा पठाउँथे । राजनीति र पत्रकारिता भन्ने कुरा पाल्पाका युवाहरुले भारतमा अध्ययन गर्दा देखेर जानेका थिए । नयाँ कुरा कि त भारतबाट मुक्तिनाथ वा अरु तीर्थस्थलमा घुम्न आउने जोगी र सन्यासीहरुले सुनाउँथे कि छुट्टीमा आएका विद्यार्थीले सुनाउँथे ।

छ दशकको जीवनमा मैले संचारको क्षेत्रमा देखेका र भोगेका कुरा अकल्पनीय छन् जसको वर्णन यो छोटो लेखमा गर्न सकिन्न । काठको फलेक पाटीमा अंगार दलेर सुकाएर खरी ढुंगाले अक्षर लेख्ने मेरा औंलाहरु अहिले कम्प्युटर र आइप्याडका स्क्रिनका कीबोर्डमा लेख्न अभ्यस्त भएका छन् । विद्यार्थी अवस्थामा घरबाट पठाएको बैंक ड्राफ्ट एक महिनासम्म नआउँदा कति दुःख भएको थियो । अहिले मोबाइल फोनको एसएमएसबाट केही सेकेन्डमै संसारको कुनै पनि भागमा पैसा पठाउन सकिने भएको छ ।

**अहिले** : सूचना तथा संचार प्रविधिको विकासले जीवनका धेरै कुरामा प्रभाव पारेको छ । तर सबैभन्दा धेरै र गहिरो प्रभाव सूचना, समाचार ओसार पसार गर्ने काममा नै पारेको छ । अबका पत्रकारले कागतमा समाचार लेख्दैनन् । खामभित्र वा फ्याक्सबाट समाचार पठाउँदैनन् । क्यामेरा, कागत, कलम, टेपरेकर्डर र कम्प्युटर बेग्लाबेग्लै बोक्नु वा बोकाउनु पर्दैन । मोबाइल

फोनले फोटो, भिडियो, अडियो, फ्याक्स, इमेल, इन्टरनेट सबै उपकरणको काम गर्छ, गरिरहेको छ ।

प्रविधि मात्रै फेरिएको होइन राजनीति र अर्थतन्त्र पनि फेरिएको छ । देशको कुनै कुनामा कसैको अधिकार हनन भयो भने अर्को कुनाका मानिसले तुरुन्तै थाहा पाउँछन् । देशभित्र एक दर्जनभन्दा धेरै टेलिभिजन च्यानलहरु, तीन सय जति एफएम स्टेसनहरुले निरन्तर समाचार प्रसार गरिरहेका छन् । कुनै पनि कुरा जान्न मन लागे, शंका लागे, सही कुरा सम्बन्धित व्यक्तिबाटै थाहा पाउन मन लागे अथवा हल्ला फैलाउन मन लागे आधा करोड मोबाइल फोन सक्रिय छन् । लाखौं मानिसहरुले इमेल र इन्टरनेट प्रयोग गरिरहेका छन् र हजारौं नेपालीहरुले आआफ्नै वेबसाइट, ब्लग, फेसबुकबाट सूचना, विचार, जानकारी, ज्ञान, विज्ञान, साहित्य र हल्ला पनि फिजाइरहेका छन् । समाचारको लागि परम्परागत माध्यमहरु, अखबार, रेडियो र टेलिभिजनको प्रयोग गर्नै पर्ने वाध्यता अब छैन । रिमिट्यान्सको पैसा तथा विश्वबजारको उदारीकरण र निजीकरणले गर्दा समाजमा पुँजीको प्रभुत्व बढिरहेको छ । फलस्वरुप पत्रकारितालाई राजनीतिभन्दा पुँजीले बढी डोर्‍याउन लागेको देखिँदै छ । निमुखाहरुको आवाज बन्नु पर्ने प्रेस विज्ञापक, व्यापारी, उद्योगी र पुँजीपतिहरुको आवाजमा परिणत हुँदैछ । जसले पैसा खर्च गर्छ उसैको डाँको ठूलो हुन्छ । विश्वभरि यो प्रवित्ति बढ्दो छ ।

पाल्पा सामाजिक, राजनीतिक तथा सांस्कृतिक दृष्टिले अरु जिल्लाको दाँजोमा धेरै पहिलेदेखि अगाडि छ । अहिले यातयात, संचार, सूचना प्रविधि, बिजुली, शिक्षा, स्वास्थ्य, व्यापार आदि विभिन्न क्षेत्रमा पाल्पा काठमाडौँ उपत्यका बाहिरका जिल्लाहरुसँग अग्र पंक्तिमा उभिन सक्छ । स्थानीय टेलिभिजन र ग्रामीण पत्रकारितामा त पाल्पा दक्षिण एशियामा नै अगुवा बनेको थियो । अब पाल्पामा फोन नपुगेको गाउँ र मोबाइल फोन नबोकेको पत्रकार छैन होला भन्ने मलाई लाग्छ । पाल्पामा जति घरधुरी वा परिवारको संख्या छ त्यसको डेढ गुना पाल्पाली युवाहरु काम र ज्ञानको लागि विदेशमा गएका छन् । देशमा भएको राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा भएको परिवर्तनको प्रभाव पाल्पाली समाज र पाल्पाको पत्रकारितामा पनि पर्नु अवश्यंभावी छ ।

पाल्पाको पत्रकारिता भन्नाले दुइटा पक्षलाई लिनु पर्ने हुन्छ । १) पाल्पामा अवस्थित र पाल्पाली जनतालाई लक्षित गरी समाचार र विचार प्रवाह गर्ने मिडियाहरु अर्थात् स्थानीय अखबार, एफएम स्टेसन र स्थानीय टेलिभिजन आदि तथा २) पाल्पा बाहिरका मिडियाहरु अर्थात् मुख्यतः काठमाडौँमा रहेका अखबार, टेलिभजिन र एफएमलाई समाचार र अन्य सामग्री पठाउने पत्रकारहरु ।

पंचायत कालमा स्थानीय मिडिया संचालन गर्नेहरु र काठमाडौँ र भैरहवाका अखबारलाई समाचार पठाउने दुबै खालका पत्रकारहरु अहिले पनि विभिन्न क्षेत्रमा सक्रिय छन् । दुबै खालका पत्रकारहरुलाई प्रशासनले सशंकित दृष्टिले हेर्थे । को गुप्तचर हो र को पत्रकार हो भन्न गाह्रो थियो, किनकि गुप्तचरहरुले नै ठूलाठूला कुरा गर्थे र माम पकाउँथे । प्रेस सम्बन्धी कानुन थियो तर कानुनको अर्थ काठमाडौँमा बेग्लै लाग्थ्यो जिल्लामा बेग्लै । तर पाल्पाको एउटा सकारात्मक पक्ष के थियो भने अन्यत्रको तुलनामा यहाँ ज्ञान, बुद्धि, विवेकलाई बुझ्ने, सम्मान गर्ने र मौन रुपमा भए पनि समर्थन गर्ने शिक्षित मानिसहरु र बुद्धिजीवीहरुको संख्या धेरै छ । केन्द्रिय सत्ताप्रति आक्रोश पाल्पाको जनमानसमा पहिलेदेखि थियो । यसैले अखबार पढ्ने, रेडियो सुन्ने र सारमा नयाँनयाँ कुरा सुन्ने बुझ्ने चस्को पाल्पालीहरुलाई धेरै पहिलेदेखि लागको हो ।

नेपालको लोकतान्त्रिक आन्दोलनहरुमा अग्रणी भूमिका खेल्न पाल्पाली पत्रकारहरु कहिल्यै पछि परेनन् । राजनीतिक परिवर्तनमा देशभरका मिडियाले खेलेको महत्वपूर्ण भूमिकाले गर्दा नेपाली

मिडियाले जनताको मनमा र संविधानमा महत्वपूर्ण स्थान पाएको हो । नेपालको संविधानले नेपाली प्रेसलाई एक प्रकारले अमर बनाएको छ भने पनि हुन्छ ।

तर प्रेस अमर बन्दैमा स्वतः स्वतन्त्र र आत्मनिर्भर हुँदैन न त गुणस्तरीय बन्ने ग्यारेन्टी नै हुन्छ । हुलाक र हुलाकी स्वतन्त्र र आत्मनिर्भर हुनु महत्वपूर्ण र जरुरी कुरा हो तर त्यो भन्दा पनि महत्वपूर्ण र जरुरी कुरा हुलाक र हुलाकीले कसको र कस्तो भारी बोक्छ भन्ने हो ।

प्रेसले सबैभन्दा पहिले जनताको हित गर्नु पर्छ, त्यसपछि विज्ञापक र लगानीकर्ताको पालो आउँछ । यसलाई सामाजिक उत्तरदायित्व, जनसेवा, नैतिक आचार वा गुणस्तर नियन्त्रण आदि नाम दिन पनि सकिन्छ । यसको लागि राज्यको पनि केही मात्रामा भूमिका रहन्छ ।

अहिले जसरी नेपालका ठूला मिडिया ग्लोबल र क्षेत्रीय मिडिया, खास गरी छिमेकी देशका टिभी च्यनलहरुबाट पीडित छ त्यस्तै काठमाठमाडौं बाहिरका मिडिया काठमाडौंका ठूला अखबार, रेडियो र टेलिभिजनबाट शोषित र पीडित छ । यो शोषण र पीडा स्थानीय मिडिया र बाहिरका मिडियाका लागि काम गर्ने दुबै वर्गका पत्रकारहरुले भोगिरहेका छन् ।

एकातिर सरकारी विज्ञापनको असमान वितरणबाट बाहिरका मिडिया पीडित छन् भने अर्कोतिर ठूला उद्योगधन्दा र व्यापारीका विज्ञापनमा पनि काठमाडौंकै ठूला मिडिया घरानाहरुको प्रभुत्व छ । ठूला मिडिया हाउसहरुले चिल्ला कागतमा रंगिन पानामा अखबार निकालेको, टेलिभिजनमा करोडौंको विज्ञापन प्रसार गरेको देखिन्छ भने बाहिरका अखबारहरु कागत किन्ने पैसा नभएर, पत्रकारलाई उचित पारिश्रमिक दिन नसकेर अनि विज्ञापनका लागि चाकडी गर्नु परेर पीडित छन् ।

बाहिरका मिडिया विषयवस्तु (कन्टेन्ट) को दृष्टिले पनि शोषित र पीडित छन् । उनीहरुले काठमाडौंका मिडियामा प्रकाशित प्रसारित फोटो र सामग्रीले आफ्नो पाना र समय भर्नु पर्ने वाध्यता छ । सानो तिनो आर्थिक लाभको लागि रेडियो स्टेसनहरु आफ्नो अमूल्य श्रोता र समयको मूल्यमा विक्न बाध्य छन् ।

मिडियाले गर्ने सबैभन्दा ठूलो पाप भनेको समाचार लुकाउनु हो । मिडियाले गलत समाचार दियो भने त्यसको चर्चा, आलोचना गरिन्छ तर समाचार नै नदिएको कुराको न त आलोचना हुन्छ न चर्चा नै । काठमाडौंका ठूला मिडिया हाउसका परिचय पत्र बोक्न गर्व गर्ने पत्रकारहरुले छातीमा हात राखेर मुख खोल्ने बेला आएको छ कि काठमाडौंको मिडिया हाउसका मालिक, संपादक वा डेस्क रिपोर्टरलाई नरिझाइकन जिल्लाबाट पठाइएका समाचार प्रकाशित प्रसारित हुने संभावना कति छ ? मिडिया मालिकको राजनीतिक विचारसँग जिल्लाका पत्रकारको विचार मिलेन भने पनि उसको जागिर जोगिन्छ ? अथवा मिडिया मालिकको विचार बुझेर मात्रै समाचार लेख्नु पर्छ ?

पत्रकारहरुको न्युनतम पारिश्रमिक कार्यान्वयनमा भइरहेको बिजोगले पनि मिडिया मालिकहरुको प्रभुत्व र पत्रकारहरुको निरीहता स्पष्ट हुन्छ । अहिले पनि ५० प्रतिशत पत्रकारले नियुक्तिपत्र पाएका छैनन् । नियुक्तिपत्र पाएकाहरुमध्ये पनि एक तिहाइभन्दा धेरैले न्युनतम तलब पाइरहेका छैनन् । कतिपय पत्रकारले तोकिएको भन्दा कम पारिश्रमिक बुझेर पूरा तलब पाएको कागतमा हस्ताक्षर गरिरहेछन् ।

अहिले पनि नेपालमा साना अखबार, सामुदयिक रेडियो र साना संचार माध्यमहरु उल्लेखनीय संख्यामा छन् । तिनीहरुमा जनताको सहज पहुँच छ । चित्त नबुझे जनताले तिनलाई गाली पनि गर्न सक्छन् । तर ठूला माछाले साना माछालाई खाएझैं ठूला मिडियाले साना मिडियालाई खाने क्रम हामीकहाँ सुरु भइसकेको छ । यदि आमसंचार माध्यमहरुलाई जनताको माध्यम बनाउने हो भने साना मिडियालाई जोगाउन र फस्टाउन राज्य र नागरिक समाजले सक्रिय

भूमिका खेल्नै पर्छ । यस विषयमा जिल्लाका पत्रकारहरु सचेत भएर केही उपाय सोच्नै पर्ने भएको छ । यदि प्रेसलाई साँच्चैको निमुखा र बहुसंख्यक जनताको आवाज बनाउने हो भने जिल्लामा रहेका मिडियालाई बलियो बनाउन ठोस कदम चाल्नै पर्छ । त्यस्तै ठूला मिडियालाई देशका कुना काप्चाका समाचार र आम जनताको आवाज बोल्ने बनाउनका लागि जिल्लामा रहेका स्थानीय संवाददाताहरुले आफूलाई सही पत्रकारको भूमिकामा उभ्याउनै पर्छ । लोकतन्त्रको सुसंचालन र दिगोपनका लागि साना मिडिया र स्थानीय पत्रकारको भूमिकाको महत्वलाई सबैले बुझ्नु पर्छ र पत्रकारले पनि यो कुरा बुझाउनु पर्छ ।

मिडियामा सूचना प्रविधिको प्रयोग गर्ने काममा पाल्पा पहिलेदेखि अगाडि रहेको छ । पत्रकारले अब कम्प्युटरमा समाचार लेखेर र इमेलबाट समाचार पठाएर मात्रै काम चल्दैन । पत्रकारिलाई निरन्तर नयाँनयाँ विषयको जानकारी चाहिन्छ । उहिले पाल्पा जिल्लाको वा कुनै गाउँको पृष्ठभूमि, इतिहास, समाज, जनसंख्या आदि विषयमा तथ्यांक र जानकारी चाहिँदा पाउने सजिलो भरपर्दो र तुरुन्तै पाइने स्रोत थिएन । फलस्वरुप गलत तथ्य र समाचार जाने सम्भावना धेरै हुन्थ्यो । तर अहिले नेपालका कुनै पनि जिल्ला र गाउँको बारेमा त्यहाँका बासिन्दा, पेशा लगयतका अनगिन्ती कुराको जानकारी वेबसाइटहरुमा छरिएका छन् । काठमाडौंका पत्रकारले जत्तिकै अब जिल्लाका पत्रकारले पनि ती सामग्रीको प्रयोग गर्न सक्छन् । तर पाल्पामा पत्रकारहरुले आफ्नो पेशालाई सघाउने आफ्नै वेबसाइट वा ब्लग बनाएको मैले फेला पारेको छैन । फेस बुकको प्रयोग पनि गफ गर्नको लागि सीमित भएको देखिन्छ ।

जनआन्दोलनपछि धेरै क्षेत्रमा विकेन्द्रीकरण भएको छ । केन्द्रबाट गरिने कतिपय निर्णय र कामहरु जिल्लाबाट हुन थालेका छन् । यस्तै सरकारले प्रेसलाई दिने सहयोग तथा प्रेस काउन्सिलले गर्दै आएको पत्रपत्रिकाको मूल्यांकन जिल्लाबाट हुनु पर्छ भन्ने सिफारिस उच्चस्तरिय मिडिया आयोगले गरेको धेरै भइसक्यो । यसबारे जिल्लाका अखबारहरु अगाडि नसर्नु अनौठो लागेको छ । राज्यको स्रोत साधन जिल्लाबाट समानुपातिक रुपमा वितरण हुन सके स्थानीय मिडियाले फड्को मार्ने छ भन्ने मलाई विश्वास छ । जिल्लामा बसेर पत्रकारिता गर्दा गर्नु पर्ने, गर्न सकिने कुरा धेरै छन् । अवसरहरु पनि धेरै छन् । स्थानीय मिडिया र पत्रकारको महत्व, भूमिका र सम्मान जोगाउन जिल्लाका पत्रकारहरुले नै अगुवाइ गर्नु पर्छ । धन्यवाद ।

Sunday, February 13, 2011